## सूर्योदय नगरपालिकाको नगर युवा परिषद् सञ्चालन (पहिलो संशोधन ) कार्यविधि २०७९

कार्यपालिकाबाट स्वीकृत मिति-२०७९/११/१० गते

सूर्योदय नगरपालिकाको नगर युवा परिपद् सञ्चालन कार्यविधि २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरकार्यपालिकाले देहाय बमोजिमको कार्यविधि बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम **सूर्योदय नगरपालिकाको नगर युवा परिषद् सञ्चालन (पहिलो संशोधन ) कार्यविधि २०७९** हुनेछ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "मूल कार्यविधि" भन्नाले "सूर्योदय नगरपालिकाको नगर युवा परिषद् कार्यविधि २०७६" लाई जनाउनेछ।

**३. दफा ३ मा संशोधन: मूल कार्यविधिको दफा ३ पछि देहाय बमोजिमको दफा ३क. र ३ ख. थप गरिएको छ।**

**३क.** (१) दफा ३ बमोजिम गठन भएको नगर युवा परिषद्को पूर्ण समितिको बैठकले सो समितिले गरेका निर्णयहरु कार्य सम्पादन गर्नका लागि निम्न व्यक्ति रहेको सूर्योदय नगर युवा परिषद्को सचिवालय गठन गर्न सक्नेछ:

नगर युवा परिषद् अध्यक्ष : अध्यक्ष

नगर युवा परिषद्का सदस्यहरु मध्येबाट अध्यक्षले तोकेका ५ जना सदस्य : सदस्य

शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख : सदस्य सचिव

(२) दफा ३क. बमोजिम गठन भएको सचिवालयले कार्यसम्पादन गर्नका लागि कुनै कर्मचारी आवश्यक भएमा सचिवालयको पूर्ण बैठकको निर्णयले कर्मचारी मनोनयन र परिवर्तन गर्न सक्नेछ।